श्री

उच्च अदालत पाटन

संयुक्त वाणिज्य इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङ

माननीय न्यायाधीश श्री कविप्रसाद न्यौपाने

आदेश

मुद्दा नं :०८२-CB-००५०

मुद्दाः बैंकिङ कसुर।

नेपाल राष्ट्र बैंकका विज्ञ टोली तथा प्रहरी प्रतिवेदन समेतको जाहेरीले नेपाल सरकार............वादी

विरुद्ध

ओम प्रसाद पाण्डे........................................................................................प्रतिवादी

अभियोगसाथ उपस्थित गराइएका प्रतिवादी ओम प्रसाद पाण्डेको बयान कार्य सम्पन्न भै अभियोग पत्र सहित मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा र विद्वान सहायक-न्यायाधीवक्ता श्री सुरबहादुर परियार तथा प्रतिवादी ओम प्रसाद पाण्डेको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री तारा बहादुर सिटौला, श्री नरेन्द्र प्रसाद गौतम र श्री टंक प्रसाद दुलाल, विद्वान अधिवक्ताहरु श्री राम बहादुर साह, श्री अभिशेक सिटौला र श्री मनुस्मृती बरालले गर्नुभएको बहस समेत सुनियो।

यसमा प्रतिवादी ओमप्रसाद पाण्डे उपर रामजानकी हेल्थ फाउन्डेसन प्रा.लि. तर्फ बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ७(घ) र दफा ८ को कसूर अपराधमा रु.३,४८,५२,७६२/६७ विगो कायम गरी सोही दफा १५(२)(घ) बमोजिम कैद र जरिवाना हुन र Institute of Agriculture Science Pvt.Ltd. तर्फ बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ७ (क),(ख),(घ) र दफा ८ को कसूर अपराधमा विगो रु.१३,००,००,०००।– कायम गरी निज प्रतिवादी समेत लाई सोही ऐनको उफा १५(२)(ङ) बमोजिम जरिवाना र कैद सजाय गरी निज प्रतिवादीबाट विगो समेत दिलाई भराई पाँउ भन्ने अभियोग मागदावी रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादी समेतले अन्य प्रतिवादीहरु सँग मिलेमतो गरी Institute of Agriculture and Veterinary Science Pvt.Ltd. को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग गरी कंम्पनी शर्त

बमोजिम कम्पनिको उद्देश्य प्राप्त हुने गरी सम्बन्धित कर्जाको प्रयोजन अनुरुपको कार्यमा उपयोग नगरी अन्य क्षेत्र अर्थात रामजानकी हेल्थ फाउन्डेसन प्रा.लि.मा कर्जा रकम लगानी गरी बैङ्किङ कसूर तथा सजाय ऐन.२०६४ को दफा ७ र ८ बमोजिमको कसूर गरेको देखिँदा प्रस्तुत ऋण दिने तथा उपयोग गर्नेहरु उपर अनुसन्धान र कारवाही गरिपाँउ भन्ने नेपाल राष्ट्र बैङ्क केन्द्रिय कार्यालय नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रिय अनुसन्धान व्युरो समेतको करिव तर्फबाट पर्न आएको करिव एकै मिलानको जाहेरी प्रतिवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन आयो।

मिसिल संलग्न प्रतिवादी ओम प्रसाद पाण्डेको बयान हेर्दा मैले बैङ्कबाट इन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेनरी साइन्स प्रा.लि.सञ्चालन गर्नको लागि कर्जा रकम लिएको साँचो भएपनि नेपाल सरकारबाट उक्त इन्स्टिच्युट सञ्चालन गर्न अनुमति प्राप्त नगरेको हुँदा उक्त इन्स्टिच्युट हाल सञ्चालनमा नरहेको उक्त कर्जा रकम राम जानकी हेल्थ फाउन्डेसनजि सञ्चालनमा लगानी गरेको हुँ भनी अनुसन्धान अधिकारी समक्ष र अदालतमा समेत बयान गरेको देखिन्छ।

Institute of Agriculture and Veterinary Science Pvt.Ltd. सञ्चालन गर्नको लागि निज प्रतिवादी प्रभु बैङ्कबाट रु.१३,०००,०००।– लिएको तथ्यलाई यी प्रतिवादीले स्वीकार गरेको देखिन्छ। नेपाल राष्ट्र बैङ्कका उपनिर्देशक खगेश्वरी भण्डारीको प्रतिवेदनबाट समेत यी प्रतिवादी समेतले अन्य प्रतिवादीहरु सँग मिलेमतो गरी एउटा कम्पनिको लागी प्रवाह भएको कर्जा रकमलाई निजकै मातहतमा सञ्चालित अर्को प्रा.लि.(कम्पनि)मा लगानी गरेको भन्ने देखिन्छ। मिसिल संलग्न Institute of Agriculture and Veterinary Science Pvt.Ltd. का निमित्त स्विकृत कर्जा राम जानकी हेल्थ फाउन्डेसनमा रकमान्तर गर्ने निवेदककै निवेदन माग समेतबाट देखिन्छ। रामजानकी कलेजको निमित्त स्वीकृत कर्जा यी निवेदकले ऋण तिर्न प्रयोग गरेको मिसिल संलग्न कागजात एंव प्रतिवेदनहरुबाट देखिन्छ र २ लाख कित्ता शेयर धितो स्वरुप राखेको भनिएकोमा शर्त बमोजिम सो उपलव्ध गराएको देखिदैन, कर्मचारीको तलब सम्वन्धमा स्वीकृत कर्जा रामजानकी को पुरानो कर्जा ऋण भुक्तानीमा प्रयोग भएको मिसिल संलग्न प्रमाण कागजात एंव कुसुम लामाको बयान, राष्ट्र बैङ्कको प्रतिवेदनहरु, प्रहरी प्रतिवेदन, प्रतिवादीको मौकाको बयान, घटना विवरण कागज गर्ने व्यक्तिको कागज व्यहोरा समेतका तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी ओम प्रसाद पाण्डे अहिले नै कसूरदार होइनन् भन्न सक्ने अवस्था नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिंम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षको लागी थुनामा रहने गरी थुनुवा पूर्जि दिई थुनामा राख्न सम्बन्धित कारागारमा पठाइदिनू। साथै प्रतिवादीको स्वास्थ्य अवस्था खराब रहेको भन्ने

सम्बन्धमा समय-समयमा उपचार सम्बन्धमा यथोचित व्यवस्था गर्नु भनी सम्बन्धित कारागार कार्यालयलाई समेत आदेशको जानकारी गराउनू।

फरार रहेका अन्य प्रतिवादीहरुका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ५७ बमोजिम पक्राउपुर्जी जारी गर्नू।

<u>आदेश सुनी सही गर्ने</u>

निज प्रतिवादी ओम प्रसाद पाण्डे

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८३ साल असार महिना १० गते रोज ४ शुभम्.................................।